आ.व.२०८२/८३ को पहिलो कार्यपालिका बैठक २० श्रावण, २०८२, ने.स. ११४५,गुंलाथ्व, एकादशी, मंगलबार

आज मिति २०८२ साउन २० गते मंगलबारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८२/८३ को पहिलो बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

आ.ब.२०८२/८३ को प्रथम नगरकार्यपालिका वैठकका निर्णयहरु:-

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा</td><td>अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो ।</td></tr>
<tr><td>२</td><td>आ.ब.२०८१/८२ को बार्षिक समीक्षा सम्वन्धमा</td><td>गत आ.ब. २०८१/८२ मा नगरपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयबाट सम्पादित कार्यको बार्षिक समीक्षा कार्यक्रम मिति २०८२ भाद्र १७ गते नगरपालिकाको सभाहलमा आयोजना गर्ने ।</td></tr>
<tr><td>३</td><td>आ.ब. २०८२/८३ को बार्षिक खरिद योजना तथा कार्यान्वयन कार्य योजना सम्वन्धमा</td><td>आ.ब. २०८२/८३ को स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनको लागि वडा कार्यालय र विषयगत शाखा सबैले बार्षिक खरिद योजना तथा कार्यान्वयन कार्ययोजनाको मस्यौदा २०८२ साउन ३० गते भित्र तयार गरी पेश गर्ने ।</td></tr>
<tr><td>४</td><td>आ.ब. २०८२/८३ को (वस्तु तथा सेवाको निर्माण तथा खरिद सम्वन्धी) स्थानीय दररेट सम्वन्धमा</td><td>टोखा नगरपालिका भित्र चालु आ.ब. मा संचालन हुने निर्माण कार्यको लागि काठमाडौं जिल्लाको जिल्ला दररेट निर्धारण समितिले चालु आ. व. २०८२/८३ को लागि स्वीकृत गरेको काठमाडौं जिल्लाको ज्यालादर तथा निर्माण सामाग्रीहरुको जिल्ला दररेटलाई नै स्थानीय दररेट मानी स्वीकृत गर्ने ।</td></tr>
<tr><td>५</td><td>लागू औषध विरुद्धको महाअभियान कार्यान्वयन सम्बन्धमा</td><td>जनप्रतिनिधि, कर्मचारी, महिला स्वास्थ्य स्वंयम सेविका, नेपाल प्रहरी, नगर प्रहरी वल एवं स्थानीय बासीहरु समेतको सहकार्यमा टोखा नगरपालिका भरी लागू औषध बिरुद्धको महाअभियान कार्यक्रम संचालन गर्ने।</td></tr>
<tr><td>६</td><td>भुक्तानी दिन वाँकी कच्चेवारी फाराम नं. १८ वमोजिम भुक्तानी सम्वन्धमा</td><td>गत आ.ब. २०८१/८२ मा योजना तथा कार्यक्रम सम्पन्न भई भुक्तानीको लागि पेश भएका तर प्राविधिक कारणबाट भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रमहरुको लेखा शाखाबाट तयार भएको संलग्न भुक्तानी दिन बाँकी कच्चेवारी फारम (म.ले.प.फा.नं. १८) बमोजिम भुक्तानी उपलव्ध गराउने ।</td></tr>
<tr><td>७</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम संलग्न निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।</td><td>
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>अजंबरी कन्सल्टिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा-६</td><td></td></tr>
<tr><td>२.</td><td>अर्वन कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-६</td><td></td></tr>
<tr><td>३.</td><td>त्रिमुर्ती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-११</td><td></td></tr>
<tr><td>४</td><td>अप्पर हिमालयन बिल्डर्स प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>५</td><td>इन्फ्रास्ट्रक्चर इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा-०८</td><td></td></tr>
<tr><td>६</td><td>पसभिअरन्स कन्सल्टिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>७</td><td>कैलाश युनिभर्सल सोलुसन प्रा.लि.</td><td>टोखा-६</td><td></td></tr>
<tr><td>८</td><td>तारकेश्वर मल्टिपर्पोज प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
</table>
</td></tr>
</table>

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ९ ढिम्ढुङग कन्स्ट्रक्सन प्रा.लि. टोखा-१० <br> १० स्काई भिजन कन्स्ट्रक्सन प्रा.लि टोखा-१० <br> ११ क्वालिफाइड बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. टोखा-८ |
| ८ | विविध | १. टोखा नगरपालिका वडा नं. ५ को बसुन्धरा क्षेत्रमा रहेको सरकारी/सार्वजनिक जग्गा खाली गराउने कार्य अन्तर्गत उक्त क्षेत्रमा लामो समयदेखि वसोवास गर्दै आएका श्री पवित्रा लिम्बुलाई सो स्थान खाली गराउन, निजको सरसामाग्री तथा वसोवास टहरा भत्काउने सामाग्री स्थानान्तरण, ढुवानी खर्च, वसोवास, घरभाडा, खाद्य सामाग्री व्यवस्थापनका लागि वडा कार्यालयको सिफारिसको आधारमा तत्काल वसोवास व्यवस्थापन गर्न नगरपालिकाको तर्फबाट रु २ लाख खर्च शिर्षक नं. २७११२ मा (अन्य सामाजिक सुरक्षा,आकस्मिक सहयोग अनुदान समेत) शिर्षकबाट आकस्मिक सहयोग अनुदान उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । <br> २. टोखा नगरपालिका वडा नं. २ स्थित नापी कार्यालयको हाल साविक टोली प्रयोजनको लागि साविक देखि लिईदै आएको घरभाडा सम्झौतालाई चालु आ.व.को ६ महिनाको लागि निरन्तरता दिने । <br> ३. यसै साथ संलग्न टोखा नगरपालिका आपतकालिन कार्यसंचालन केन्द्र सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने । <br> ४. टोखा नगरपालिका वडा नं. २ स्थित चण्डेश्वरी माध्यमिक विद्यालयमा निमावि तहको नगर शिक्षण अनुदानमा कार्यरत सुनिता डंगोललाई माध्यमिक तहको नगरशिक्षण अनुदानको व्यवस्था प्रकृया पुरा गरी नियमानुसार माध्यामिक तह कायम गर्ने । <br> ५. बागमती प्रदेश सभाबाट जारी स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६० बमोजिम टोखा नगरपालिका प्रशासन शाखामा कार्यरत अधिकृतस्तर छैटौं तहका श्री सागर के.सीको माग निवेदन अनुसार निजको मिति २०८३/०१/०१ देखि २०८३/१२/३० सम्मको वेतलवी असाधारण विदा स्वीकृत गर्ने । <br> ६. नगरपालिका वडा नं. २ र ३ को ऐतिहासिक टोखा वस्तीमा नेवारी खाजा महोत्सव सञ्चालन गर्न टोखा खाजा महोत्सव संचालन निर्देशिका निर्माण गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने। <br> ७. वडा नं. ८ वस्ने कर्ण बहादुर तामाङ मुटु सम्वन्धि रोगलागि अस्पतालमा उपचाररत रहेको निजलाई औषधि उपचार खर्च वापत रु. ३५ हजार, खर्च शिर्षक नं. २७११२ मा (अन्य सामाजिक सुरक्षा,आकस्मिक सहयोग अनुदान समेत) विनियोजित रकम मध्येबाट उपलव्ध गराउने । <br> ८. टोखा नगरपालिकाको जिन्सी भण्डारकक्षका लागि नगरपालिकाले ग्रीनवे इन्भेष्टमेन्ट ग्रुप प्रा.लि, टोखा ७ सँग वहाल सम्झौता गरी भाडामा लिएको |

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | कोठाको २०८२ असार महिनाको वहाल रकम रु. ५५१२५/- भुक्तानी उपलब्ध गराउने ।<br>९. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/०३/३० को पत्रानुसार यस नगरपालिकाबाट सरुवा हुनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री शेर बहादुर बि.सी.ले निजको कार्यकालमा उत्कृष्ठ कार्य सम्पादन मार्फत टोखा नगरपालिकाको विकास र संमृद्धिका लागि पुर्याउनु भएको योगदानका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा व्यक्तिगत एवं पेशागत जीवनको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्ने । |